# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
## पञ्चवर्षीय रणनीतिक योजना (२०७९/८०– ८३/८४)
## (संक्षिप्त नेपाली संस्करण)

### पृष्ठभूमि (Background)

१. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान सार्वजनिक क्षेत्रको क्षमता विकासमा समर्पित देशकै अग्रणी संस्था हो । सरकारी एवम् सार्वजनिक संस्थानका कर्मचारीहरूलाई तालिम प्रदान गर्ने र मुलुकको विकास कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन गर्नका लागि अनुसन्धान एवम् परामर्श कार्यहरू मार्फत सार्वजनिक प्रशासनको क्षमता अभिबृद्धि गर्ने मुलभूत उद्देश्य प्रतिष्ठानको रहेको छ। स्थापनाको करिब चार दशकको अवधिमा प्रतिष्ठानले संस्थागत परिवपक्वता हासिल गरेको छ र प्रशिक्षणको संख्या र गुणस्तर दुवैमा उल्लेखनीय प्रगति गर्दै अघि बढिरहेको छ ।

२. प्रतिष्ठानले संस्थागत बृहत् उद्देश्य हासिल गर्नका लागि पञ्चवर्षीय रणनीतिक योजना र वार्षिक योजना तर्जुमा गरी कार्यक्रमहरू संचालन गर्ने गरेको छ र निरन्तर रूपमा कार्यक्रमहरूको गुणस्तर अभिबृद्धि गर्दै आएको छ । प्रतिष्ठानले संचालन गर्ने प्रशिक्षण कार्यक्रमहरूबाट कर्मचारीहरूको व्यक्तिगत सिकाइमा त योगदान रहेको छ नै, साथै अनुसन्धान एवम् परामर्श कार्यहरू मार्फत् सार्वजनिक निकायहरूको संगठनात्मक सुदृढीकरण र सरकारका नीतिगत एवम् प्रशासन सुधारका कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउँदै आएको छ । यसै सन्दर्भमा आ.व. २०७२ देखि २०७६ सम्मको पञ्चवर्षीय योजनाको सफल कार्यान्वयन पश्चात् आगामी पाँच वर्षका लागि प्रस्तुत रणनीतिक योजना तर्जुमा गरिएको छ । कोभिड-१९ को महामारीबाट सिर्जित विशेष र असहज परिस्थितिका कारण प्रतिष्ठानले अघिल्लो रणनीतिक कार्यदिशाकै आधारमा विगत दुई वर्षको अवधिमा व्यावसायिक निरन्तरता (Business Continuity Model) अनुरूप वार्षिक कार्यक्रमहरू संचालन गर्दै नयाँ रणनीतिक योजना तर्जुमाको लागि गृहकार्य गऱ्यो ।

### अघिल्लो रणनीतिक योजनाका उपलब्धीहरू (Achievements of Prior Strategic Plan)

३. प्रतिष्ठानले सार्वजनिक क्षेत्रमा सिकाइको एक उत्कृष्ट केन्द्र (Center of Excellence) को रूपमा विकसित हुँदै जाने दूरदृष्टि राखेको छ । सोही अनुरूप तर्जुमा गरिएको साविकको पञ्चवर्षीय रणनीतिक योजनाले प्रतिष्ठानले संचालन गर्ने विभिन्न क्षमता विकास कार्यक्रमहरूको प्रभावकारिता अभिबृद्धि गर्ने, सिकाइ सेवा प्रक्रियामा सुधार ल्याउने, संस्थागत सबलीकरण गर्ने र वित्तीय प्रभावकारिता हासिल गर्ने बृहत् लक्ष्य लिएको थियो । उक्त योजना कार्यान्वयनबाट समग्रमा लक्षित कार्यक्रमहरूको ८९ प्रतिशत प्रगति हासिल भएको थियो। रणनीतिक योजना कार्यान्वयनका प्रमुख उपलब्धीहरूमा प्रशिक्षण कार्यक्रमहरूको परिष्करण र स्तरीकरण, अनुसन्धान एवम् संस्थागत परामर्श कार्यहरूको संख्या र गुणस्तरमा अभिबृद्धि, सूचना प्रविधिको विस्तार, कर्मचारीहरूको क्षमता विकास, भौतिक पूर्वाधारको स्तरोन्तति, सम्पदा सदनको पुनर्निर्माण र आवासीय पूर्वाधार विकासका लागि काभ्रे जिल्लाको नमोबुद्ध नगरपालिकामा स्थान पहिचान भई विस्तृत परियोजना प्रतिवेदन तयारीको कार्यहरू रहेका छन् ।

साथै, लक्षित कार्यक्रमहरूमध्ये सम्पन्न हुन नसकेका कार्यक्रमहरूलाई समेत निरन्तरता दिनेगरी आगामी पाँच वर्षको रणनीतिक योजना तर्जुमा गरिएको छ ।

क. सिकाइको ढाँचा एवम् कार्यान्वयनमा सुधार : निजामती सेवाको सक्षमता प्रारूप (Competency framework) निर्धारण गरी सोही बमोजिम प्रशिक्षण कार्यक्रमहरूको स्तरीकरण गरिएको छ । नवप्रवेशी शाखा अधिकृतहरूका लागि आधारभूत प्रशासन तालिम (Basic Administration Training) मा कार्यालय आबद्धता, देशदर्शन, कम्प्युटर तथा अंग्रजी भाषाजस्ता कार्यक्रमहरू समावेश गरेको, सेवाकालीन तालिम कार्यक्रमहरूमा समुदायसँग र स्थानीय सरकारसँग सम्मिलन, सेवा सुधार योजना तर्जुमा जस्ता कार्यक्रमहरू संचालन गरिएको छ । त्यसैगरी, राजपत्रांकित प्रथम श्रेणीका अधिकृतहरूका लागि संचालन हुने कार्यकारी विकास कार्यक्रमहरूमा सार्वजनिक नीति निर्माण, रणनीतिक योजना तर्जुमा, सेवा एवम् शासकीय सुधार र नेतृत्व विकास सम्बन्धी अभ्यासमूलक सिकाइ पद्धति अपनाइँदै आइएको छ । साथै, सबै तहका अधिकृतहरूका लागि उनीहरूको भूमिका र सिकाइ आवश्यकता अनुरूप सार्वजनिक नीति, व्यवस्थापकीय एवम् नेतृत्व सीप, सार्वजनिक खरिद, परियोजना व्यवस्थापन, लैंगिक समता एवम् सामाजिक समावेशीकरण जस्ता सार्वजनिक प्रशासन र शासकीय व्यवस्थापनका विभिन्न विषयहरूमा प्रशिक्षण संचालन गरिएको छ भने नेपाल सरकारका विशिष्ट श्रेणीका अधिकृतहरूका लागि समसामयिक विषयमा गोष्ठीको आयोजना गर्ने गरिएको छ । विगत पाँच वर्षको अवधिमा पाँच सय भन्दा बढी कार्यक्रमहरूबाट एघार हजार भन्दा बढी कर्मचारीहरू प्रशिक्षित भैसकेका छन् ।

ख. अनुसन्धान तथा परामर्श सेवाको विस्तारः विगत पाँच वर्षको अवधिमा ४० भन्दा बढी अनुसन्धान तथा संस्थागत सुधार सम्बन्धी परामर्श कार्य सम्पन्न गरिएको छ । त्यस्ता अनुसन्धानात्मक कार्यहरूमा नेपाल सरकारको नीतिगत एवम् संस्थागत सुधार र सार्वजनिक संस्थानहरूको सुधारका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण, रणनीतिक योजना निर्माण, व्यवस्थापन परीक्षण, मानवसंसाधन नीति तर्जुमा आदि रहेका छन् । जसमध्ये प्रदेशहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण, नेपाल राष्ट्र बैंक, नेपाल टेलिकम, रेडियो नेपाल, नेपाल टेलिभिजन, राष्ट्रिय वाणिज्य बैंक, लोक सेवा आयोग, राष्ट्रिय सूचना आयोग, राष्ट्रिय बीमा समिति, नेपाल स्टक एक्सचेन्ज, बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान आदि प्रमुख रहेका छन् ।  त्यसैगरी, राष्ट्रिय शासकीय सर्वेक्षण, लैंगिक बजेट सर्वेक्षण, प्रदेशहरूको संस्थागत क्षमता विश्लेषण, वित्तीय संघीयतासम्बन्धी अध्ययन पनि संलग्न रहेका छन् ।

ग. प्रशिक्षण पूर्वाधारहरूको स्तरोन्नति, विकास र विस्तारः प्रशिक्षण हललाई प्रविधियुक्त बनाउने, प्रतिष्ठानका प्रशासनिक कार्यहरूलाई सूचना प्रविधिमा आबद्ध गर्ने, पुस्तकालयमा स्रोत सामग्रीको विस्तार, खेलपूर्वाधारको विकास र विस्तार गरिएको छ । साथै, सम्पदा सदनको पुनर्निर्माण सम्पन्न भई फर्निसिङको कार्य भैरहेको छ । आवासीय प्रशिक्षण पूर्वाधार विकासकालागि काभ्रेको नमोबुद्धस्थित परियोजनाको प्रारम्भिक चरणका कार्यहरू सम्पन्न भएका छन् ।

घ. संघीयता केन्द्रको स्थापना भई संघीयता सम्बन्धी खोज, अध्ययन, अनुसन्धान र क्षमता विकासका कार्यक्रमहरू संचालन भैरहेका छन् भने सार्वजनिक नीति तथा शासकीय व्यवस्थापन सम्बन्धी दक्षिण एशियाली सम्मेलन वार्षिक रूपमा आयोजना हुँदै आएको छ ।

ङ. प्रशिक्षकहरूको निरन्तर क्षमता विकासका कार्यक्रमहरू संचालन गरिएको छ र विभिन्न विकास साझेदार संस्थाहरू र क्षमता विकासमा क्रियाशील अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध विस्तार गरी सहकार्य हुँदै आएको छ ।

४. प्रतिष्ठानले हालसम्म हासिल गरेका उपलब्धीहरूको जगमा रहेर परिवर्तित सन्दर्भमा सार्वजनिक प्रशासनको क्षमता विकासका बदलिँदो आवश्यकताहरूलाई सम्बोधन गर्नका लागि प्रतिष्ठानका सामू रहेका आन्तरिक (सबल एवम् दुर्बल पक्षहरू) र बाह्य (अवसर तथा चुनौतिहरू) पक्षहरूको विस्तृत विश्लेषण गरी मुख्य रणनीतिक सवालहरू पहिचान गरिएको छ । तिनै सवालहरूलाई सम्बोधन गर्न प्रतिष्ठानले लिनुपर्ने कार्यदिशा र रणनीतिक लक्ष्यहरू निर्धारण गरी विभिन्न रणनीतिक क्रियाकलापहरू सहितको कार्ययोजना प्रस्तुत गरिएको छ ।

## रणनीतिक सन्दर्भ (Strategic Context)

५. जनताको परिवर्तनशील आवश्यता अनुरूपका सार्वजनिक सेवा गुणस्तरीय र लागत प्रभावकारी ढंगले उपलब्ध गराउनु सार्वजनिक प्रशासनको लागि चुनौतिको विषय बन्दै गएको छ । यो चुनौतिलाई सम्बोधन गरी सार्वजनिक प्रशासनको समग्र प्रभावकारिता अभिबृद्धि गर्नका लागि कर्मचारीहरूको व्यक्तिगत दक्षता एवम् संगठनात्मक क्षमता निरन्तर बृद्धि गर्दै जानु अपरिहार्य छ । साथै, नेपालको संविधानले परिलक्षित गरेको विकास र समृद्धिको लक्ष्य हासिल गर्नका लागि संघीय शासन प्रणालीको सबलीकरण र प्रभावकारी कार्यान्वयनको विकल्प छैन । संघीयता भनेको सरकार जनताको घरदैलोमा पुग्ने संयन्त्र र सरकारहरूको आपसी समन्वयात्मक सहकार्यबाट सेवामुखी र जवाफदेही शासनको अभ्यास भएकोले यसलाई प्रभावकारी बनाउन सार्वजनिक प्रशासन वा निजामती सेवाको भूमिका अझ विस्तार भएको छ ।

६. नेपालको संविधानले परिलक्षित गरको समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई साकार तुल्याउन नेपालको पञ्चवर्षीय योजनाले लोकतन्त्रको सुदृढीकरण र शासकीय व्यवस्थापनको प्रभावकारितालाई अनिवार्य शर्तका रूपमा मानेको छ र नैतिकवान्, सक्षम र गतिशील नेतृत्वको विकास गर्दै जनसेवामुखी, जवाफदेही, प्रविधिमा आधारित, नतिजामूलक र व्यावसायिक ढंगले सक्षम सार्वजनिक प्रशासनको विकासमा जोड दिएको छ । साथै, वि.सं.२००९ मा शुरु भएको प्रशासन सुधारको अभियानले हालका वर्षमा आइपुग्दासम्म पनि सार्वजनिक प्रशासनको क्षमता अभिबृद्धिलाई एक महत्वपूर्ण रणनीतिक प्राथमिकताका रूपमा स्थापित गरेको छ । त्यसैगरी, निजामती सेवा राष्ट्रिय तालिम नीति र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दशवर्षे रणनीतिक योजनाले पनि आवश्यकतामा आधारित तालिम संचालन गर्ने, क्षमता विकासका कार्यक्रमलाई सरकारका सुधार कार्यक्रमसँग आबद्ध गर्ने र तालिमलाई वृत्ति विकासको आधार बनाउने लक्ष्य लिएको छ ।

७. नेपालमा विकासको नतिजा अपेक्षित रूपमा हासिल हुन नसकेको सन्दर्भमा सरकारहरूको खर्च गर्ने क्षमता वृद्धि हुन नसक्नुलाई प्रमुख चुनौतिको रूपमा लिइँदै आएको छ । त्यसको अन्तर्यमा हेर्दा सार्वजनिक प्रशासनका सामू विकास परियोजनाहरूको व्यवस्थापन प्रभावकारी बनाउनुको विकल्प देखिँदैन । साथै, भ्रष्टाचार लगायत सार्वजनिक प्रशासनका विसंगति र विकृतिहरूलाई न्यूनीकरण गर्दै सुसंस्कृत र सदाचारयुक्त प्रशासनको प्रवर्द्धन एवम् मूल्यमा आधारित शासकीय व्यवस्थापन (Value-based Governance) अभ्यास गर्ने अभियानमा कर्मचारीहरूको मूल्यमान्यता एवम् आचरण र मनोवृत्तिमा सकारात्मक परिवर्तनको लागि अभिप्रेरित गर्नु अत्यावश्यक रहेको छ ।

८. एक्काइसौँ शताब्दीमा मानवजातिकै लागि ठूलो चुनौतिको रूपमा देखिएको कोभिड १९ विश्वव्यापी महामारीका कारण गम्भीर स्वास्थ्य संकट सृजना भयो, जनजीवन अत्यन्त कष्टकर रह्यो र जनताको आधारभूत सेवा एवम् विकासात्मक गतिविधिहरू नराम्ररी प्रभावित भए । अर्कोतर्फ, यस महामारीले सार्वजनिक प्रशासन एवम् सेवाका वैकल्पिक विधिहरूको आवश्यकता र उपयोगको अवसर पनि देखाइदियो । कोभिड १९ महामारी सिर्जित विषम परिस्थितिमा सेवाको ढाँचा तथा सेवाप्रक्रियामा सुधार गर्न र सिकाइ एवम् क्षमता विकासका लागि सूचना प्रविधिको प्रयोग एक महत्वपूर्ण नवप्रवर्त्तन भएर आएको छ । प्रतिष्ठानले विगत तीन वर्षमा सूचना प्रविधिको उच्चतम उपयोग गरी आफ्ना क्षमता विकास कार्यक्रमहरूलाई निरन्तरता दिँदै आएको छ । आगामी दिनमा पनि प्रविधिको उच्चतम उपयोग क्षमता विकासका लागि अपरिहार्य हुन जाने देखिन्छ ।

९. मुलुकले लिएको समग्र विकास र उन्नतिको लक्ष्य हासिल गर्नका लागि सार्वजनिक प्रशासनको निरन्तर क्षमता अभिबृद्धिको विकल्प नरहेको यस सन्दर्भमा क्षमता विकासमा त्रियाशील प्रतिष्ठान जस्ता निकायहरूले रणनीतिक सोचका साथ आफ्ना कार्यक्रमहरूलाई उन्नत ढंगले संचालन गर्नु जरुरी छ । साथै, क्षमता विकास भनेको प्रशिक्षण प्रदायक संस्था, सम्बन्धित कर्मचारीहरू र उनीहरू काम गर्ने संस्थाहरूको त्रिपक्षीय प्रबन्ध र प्रयासको विषय भएको हुँदा तीन तहकै सरकार र सम्बन्धित निकायसँग समन्वय गरी प्रशिक्षण आवश्यकता पहिचान गर्ने, नवप्रवर्त्तनात्मक प्रविधिको उपयोग गर्दै प्रशिक्षण संचालन गर्ने र संस्थागत सुधारका लागि अनुसन्धानात्मक एवम् परामर्शकार्यहरू विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ ।

## रणनीतिक विश्लेषण (Strategic Analysis)

१०. प्रस्तुत रणनीतिक सन्दर्भमा प्रतिष्ठानको संस्थागत कार्यसम्पादनका क्षेत्रहरू प्रशिक्षण, परामर्श, अनुसन्धान एवम् सेवा व्यवस्थापनका आयामहरूमा आन्तरिक एवम् बाह्य पक्षहरूको विश्लेषण गरिएको छ । विश्लेषणका मुख्य पक्षहरूलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### (क) सबल पक्षहरू (Strengths)

- निजामती सेवाको सक्षमता प्रारूप (Competency Framework) निर्धारण गरिएको र सिकाइ आवश्यकता पहिचान गरी प्रशिक्षण कार्यक्रमहरूको संचालन र सेवा प्रवेश, सेवाकालीन तालिम एवम् व्यवस्थापन विकास कार्यक्रमहरूको स्तरीकरण गरिएको;

- प्रशिक्षण कार्यक्रमले निजामती सेवाको मूल्यलाई प्रवर्द्धन गर्ने, सिकाइलाई समुदाय एवम् नागरिकको समस्यासँग जोड्ने र नीति तथा रणनीति निर्माण एवम् सेवा सुधारका व्यवहारिक अभ्यास सहितको सिकाइ क्रियाकलापहरू समावेश गरिएको;
- सार्वजनिक खरिद व्यवस्थापन, परियोजना व्यवस्थापन सम्बन्धी प्रशिक्षणमा विशेष जोड;
- सूचना प्रविधिको प्रयोग गरी अनलाइन मार्फत प्रशिक्षण संचालन;
- अनुसन्धानात्मक कार्यहरूमा विस्तार र अनुसन्धान संस्कृतिको विकास, प्रशिक्षकको क्षमता विकासमा सहयोग, प्रशिक्षण कार्यक्रममा मामिला आधारित (Case-based) सिकाइ, नेपाल सरकारलाई नीति निर्माणमा सहयोग;
- पुस्तकालयको सबलीकरण, जर्नल लगायत स्रोत सामग्रीहरूको प्रवन्ध सहितको पुस्तकालय;
- समान प्रकृतिका अन्तर्राष्ट्रिय संस्था एवम् विश्वविद्यालयहरूसँग सहकार्य;
- Nepal National Governance Survey जस्ता बृहत स्तरका सर्वेक्षण गर्ने क्षमताको विस्तार;
- संघीयताका विभिन्न आयाममा अध्ययन, अनुसन्धान र क्षमता विकासका कार्यक्रमहरू संचालन गर्ने विशिष्टिकृत स्रोतकेन्द्रका रूपमा संघीयता अध्ययन केन्द्र क्रियाशील रहेको;
- सार्वजनिक संस्थाहरूको संस्थागत सुधारका लागि परामर्श कार्यहरूमा विस्तार, प्रशिक्षकहरूमा सार्वजनिक क्षेत्रका विभिन्न पक्षहरूलाई बुझ्ने र अध्ययन गर्ने अवसर, सम्बन्धित क्षेत्रका विज्ञ परामर्शदाताहरूसँगको सहकार्यबाट प्रशिक्षकको व्यावसायिक क्षमता विकासमा सहयोग र परामर्शकार्यले आम्दानीको स्रोतमा बृद्धि;
- सक्षमतामा आधारित (Competency-based) वैज्ञानिक भर्ना प्रणालीबाट प्रतिष्ठानमा योग्य प्रशिक्षक एवम् प्रशासनिक कर्मचारीहरूको व्यवस्था र सेवा सुनिश्चित भएको;
- प्रतिष्ठानलाई क्षमता विकासका कार्यक्रमहरू संचालन गर्ने स्वायत्तता, सरकारको विश्वास, सरकारसँगको सुदृढ सम्बन्ध र स्रोतसाधनको पर्याप्त व्यवस्था;
- प्रतिष्ठानको कार्यसम्पादनका लागि कार्यगत स्वायत्तता सहित क्षेत्रगत विशिष्टिकरणका आधारमा सिकाइ समूह र केन्द्रगत संगठन संरचना;
- कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीको सफल अभ्यास;
- नियमित दिवा प्रशिक्षण कार्यक्रमहरूका लागि पर्याप्त भौतिक पूर्वाधार;
- सूचना प्रविधिमा आधारित व्यवस्थापन सूचना प्रणालीको प्रयोग;
- प्रशिक्षकहरूलाई प्रशासकीय तथा व्यवस्थापन सम्बन्धी कार्यको अनुभव;
- सिकाइ एवम् ज्ञान आदानप्रदान गर्ने फोरम, बैठकहरूको निरन्तरता ।

## (ख) कमजोर पक्षहरू (Weaknesses)

- प्रशिक्षण कार्यक्रमहरू मुलतः कर्मचारीको वृत्ति विकासमा केन्द्रित, सरकारका परिवर्तित सुधारात्मक कार्यहरू र प्राथमिकताहरूसँग अपेक्षाकृत मिलान हुन नसकेको;
- प्रशिक्षण कार्यक्रमको संख्या निरन्तर बृद्धि हुँदै गए अनुरूप प्रशिक्षकको संख्या सापेक्षिक रूपले स्थिर रहँदा प्रशिक्षण, अनुसन्धान र परामर्श कार्यको प्राथमिकता, योजनामा समस्या भई सिकाइको नवप्रवर्त्तन र गुणस्तर प्रभावित भएको;
- प्रशिक्षणका दौरान प्रशिक्षार्थीले तयार गर्ने अध्ययन प्रतिवेदन, कार्ययोजना, परियोजना जस्ता सामग्रीको पुनः सिकाइ क्रियाकलापहरूमा उपयोग गर्न नसकिएको;
- तालिमको प्रभावकारिता मूल्यांकन अपेक्षाकृत कम रहेको;
- प्रशिक्षकहरूले पनि सिकाइ विधि, पद्धतिमा नवप्रवर्त्तन ल्याउनका लागि उपलब्ध अनलाइन सिकाइका विधिहरूको प्रभावकारी रूपमा उपयोग गर्न नसकेको;
- प्रशिक्षण कार्यक्रमहरूमा मामिला आधारित (Case-based) सिकाइ विधि अवलम्बन गर्न नसकिएको, सबै प्रशिक्षकहरूलाई अनुसन्धान कार्यमा सहभागी गराउन नसकिएको र अनुसन्धानका लागि प्रशिक्षण अपर्याप्त रहेको, वृत्ति विकासमा अनुसन्धानको भार कम रहेको र अनुसन्धान र परामर्श कार्य प्रशिक्षणको तुलनामा कम प्राथमिकतामा परेको र कार्यालय समयमा मात्रै सम्पादन नसकिने कारण तोकिएको समयमा सम्पन्न नहुने समस्या रहेको;
- प्रतिष्ठानले शैक्षिक उपाधिसहितको प्राज्ञिक कार्यक्रमहरू संचालन गर्ने रणनीतिक विगतमा लिएको भएतापनि यसतर्फ ठोस प्रगति हुन नसकेको;
- परामर्शकार्यका लागि योजना र बजारीकरण रणनीति नरहेको, क्षेत्रगत विज्ञता वा सीपका कारण परामर्श कार्यमा सबै प्रशिक्षकहरूलाई संलग्न गराउन नसकिएको, परामर्शकार्यबाट प्राप्त ज्ञानलाई आन्तरिक रूपमा सेयर गर्ने अभ्यास नरहेको, परामर्श सम्बन्धी तालिमको व्यवस्था नरहेको र प्रतिष्ठानको परामर्श प्रतिवेदनको कार्यान्वयनको बारेमा जानकारी लिने अभ्यास नरहेको;
- प्रतिष्ठानको दीर्घकालीन कर्मचारी क्षमता विकास योजना नरहेको, विद्याबारिधि जस्ता उच्च प्राज्ञिक कार्यक्रममा प्रशिक्षकहरूको सहभागिता निकै कम रहेको;
- प्रशासकीय समूहमा तुलनात्मक रूपले वृत्ति विकासका अवसर साँघुरो रहेकोले कर्मचारीको उत्प्रेरणा र उत्पादकत्वमा नकारात्मक असर परेको;
- प्रशिक्षकहरूका लागि वार्षिक कार्यक्रम मार्फत् निर्धारित क्षमता विकासका कार्यक्रमहरू (स्वेदश तथा विदेश) मा विनियोजित रकम समेत खर्च गर्न नसकिएको, विद्यावारिधि जस्ता उच्च प्राज्ञिक कार्यक्रमका लागि भने बजेट अपुग रहने;
- दक्ष प्रशिक्षकले संस्था छोडेर जाने दर बढ्दै गएको र सो सम्बन्धमा कुनै रणनीति नरहेको;

- प्रशिक्षकहरूको समय प्रशिक्षण र प्राज्ञिक कार्यक्रमका अलावा अन्य लजिस्टिक संयोजन र प्रशासनिक कार्यहरूमा समेत व्यतित हुँदा अपेक्षित सिकाइ र प्राज्ञिक नवप्रवर्त्तन नभएको;
- सिकाइ व्यवस्थापन प्रणाली (Learning Management System) को अभावमा प्रशिक्षण एवम् सिकाइका व्यवस्थापकीय कार्यहरू परम्परागत रूपमा Manually गरिरहनुपरेको;
- भौतिक पूर्वाधारको स्तरोन्नति, सार्वजनिक खरिद जस्ता कार्यहरूमा प्राविधिक सीपको कमी एवम् प्रशिक्षकहरूले पूरा समय दिन नसकेका कारण समयमै सम्पन्न हुन नसकेको;
- आवासीय प्रशिक्षण (विशेषगरी आधारभूत प्रशासन प्रशिक्षण) का लागि हालको होस्टल लगायत भौतिक पूर्वाधार अपर्याप्त रहेको, भएका पूर्वाधारको पनि पूर्णकालीन उपयोग हुन नसकेको;
- प्रतिष्ठान परिसरको बगैंचा एवम् पर्यावरणको वैज्ञानिक व्यवस्थापन हुन नसकेको ।

### (ग) अवसरहरू (Opportunities)

- यस डिजिटल युगमा अनलाइन माध्यमबाट (e-learning), स्व–सिकाइ (Self-paced learning) जस्ता विधि र फोरमबाट ठूलो संख्यामा कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गर्न सकिने;
- प्रदेश तथा स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरूलाई लक्षित गरी प्रशिक्षण संचालन गर्ने र संस्थागत विकासका लागि व्यवस्थापकीय परामर्श सेवाको विस्तार गर्ने;
- प्रदेशस्तरका तालिम प्रदायक संस्थाहरूको क्षमता विकासका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम, प्रशिक्षण नीति, मापदण्ड एवम् कार्यक्रम तर्जुमा गर्ने जस्ता सहयोगी कार्यहरू संचालन गर्ने;
- सार्वजनिक संस्थानको विशिष्ट आवश्यकता अनुरूपका क्षमता विकास कार्यक्रमहरू संचालन गर्ने र परामर्श सेवा प्रदान गर्ने;
- राष्ट्रिय एवम् अन्तराष्ट्रिय संस्थाहरूसँग सहकार्य गरी प्रशिक्षणको Accreditation गर्ने;
- संघीयताको प्रभावकारी कार्यान्वयनका लागि संघीय शासन प्रणालीका विविध आयाममा अध्ययन, अनुसन्धान गर्ने, सरकारको नीति निर्माणका लागि अनुसन्धानमा आधारित सुझाव प्रदान गर्ने र प्रतिष्ठानलाई नवप्रवर्त्तन प्रयोगशाला (Innovation Lab) को रूपमा विकास गर्ने;
- विकास साझेदार संस्थाहरूसँग सहकार्य विस्तार गरी कार्यक्रमहरू संचालन गर्ने;
- प्रतिष्ठानका भौतिक पूर्वाधारको पूर्ण क्षमतामा उपयोग हुने गरी समान प्रकृतिका संस्थाहरूका कार्यक्रमहरू संचालन गर्ने;
- प्रस्तावित आवासीय प्रशिक्षण पूर्वाधार विकासले प्रशिक्षणको गुणस्तर नयाँ उचाइमा पुऱ्याउने ।

### (घ) चुनौतिहरू (Threats/Challenges)

- प्रशिक्षण कार्यक्रमहरूलाई प्रतिष्ठानको एकाधिकार सहित कर्मचारीको वृत्तिविकाससँग मात्र सीमित नगरी सरकारको प्राथमिकतासँग मिलान (Align) गर्ने;

- प्रशिक्षण कार्यक्रमहरूलाई सूचना प्रविधिमा आधारित बनाई संचालन गर्ने, अनलाइन कार्यक्रमहरूको निरन्तरता, प्रविधिसँग प्रतिष्ठानका क्रियाकलापको तालमेल मिलाउने;
- अनुसन्धानकार्यलाई वैश्विक मापदण्ड अनुरूप बनाउने र शोधकार्यको प्रकाशन गर्ने;
- अनुसन्धान र परामर्शकार्यको संस्थागत प्राथमिकता बढाई प्रबर्द्धन गर्ने, परामर्शकार्यमा बजारसँग प्रतिष्पर्धात्मकता अभिबृद्धि गर्ने र सम्बन्धित संस्थाहरूको आवश्यकता अनुरूप परामर्शकार्यले सहयोग गरेनगरेको सुनिश्चित गर्ने;
- प्रस्तावित आवासीय प्रशिक्षण पूर्वाधारको लागि स्रोत एवम् दक्ष निर्माणकर्ता जुटाई समयमै सम्पन्न गर्ने कार्यको सुनिश्चित गर्ने;
- नेपाल सरकारको नियमित अनुदानमाथिको निर्भरता कम गर्दै लैजाने ।

## रणनीतिक सवालहरू (Strategic Issues)

११. उल्लेखित रणनीतिक विश्लेषणबाट प्रतिष्ठानका सामू रहेका र आगामी रणनीतिक योजनाले सम्बोधन गर्नुपर्ने सवालहरू निम्नानुसार पहिचान गरिएको छ ।

क. संघीय शासन प्रणालीको परिवर्तित सन्दर्भमा सार्वजनिक प्रशासनको सिकाइ आवश्यकताहरूको सम्बोधन कसरी गर्ने ?

ख. आधुनिक प्रविधिको यस युगमा प्रशिक्षण कार्यक्रमहरूमा नवप्रवर्त्तन कसरी ल्याउने र प्रशिक्षणको गुणस्तर अभिबृद्धि कसरी गर्ने ?

ग. प्रशिक्षणको प्रभावकारिता अभिबृद्धि गर्न र सार्वजनिक संगठनहरूको समस्या समाधान गर्नका लागि अनुसन्धान र परामर्शकार्यलाई कसरी प्रबर्द्धन गर्ने?

घ. सार्वजनिक क्षेत्रको क्षमता विकासको गतिशील सन्दर्भमा प्रतिष्ठानका प्रशिक्षक तथा कर्मचारीको सक्षमता र प्रतिबद्धता कसरी अभिबृद्धि गर्ने ?


ङ. प्रतिष्ठानका अल्पकालीन र दीर्घकालीन आवश्यकता अनुरूप सरकारी अनुदानसहित दिगो वित्तीय स्रोतको व्यवस्था कसरी गर्ने ?

च. ठूलो संख्यामा संचालन हुने आवासीय प्रशिक्षण कार्यक्रमको आवश्यकता अनुरूप काभ्रेको नमोबुद्धस्थित प्रस्तावित आधुनिक आवासीय प्रशिक्षण पूर्वाधारको विकास कसरी गर्ने ?

## रणनीतिक लक्ष्यहरू (Strategic Goals- 3Es Framework)

१२. अघिल्ला रणनीतिक योजनाहरूको पदचापमा प्रतिष्ठानले हासिल गरेका उपलब्धीहरूलाई संस्थागत गर्दै उल्लिखित रणनीतिक सवालहरूको सम्बोधन गर्नकालागि 'सिकाइ सधैँ र सबै उपायबाट' (Learning always and all ways) भन्ने मूलमन्त्रका साथ प्रतिष्ठानका कर्मचारी र विज्ञ समुदायको प्रभावकारी परिचालन गर्नु प्रतिष्ठानको मुख्य कार्यभार रहेको छ । यसै अनुरूप प्रस्तावित रणनीतिक

योजनाले प्रतिष्ठानलाई उत्कृष्टताको केन्द्रका रूपमा विकसित गर्दै लैजाने बाटोमा आगामी पाँच वर्षका लागि तीन मुख्य रणनीतिक लक्ष्य निर्धारण गरेको छ ।




**EXPAND:** परिवर्तित सन्दर्भमा तीनवटै तहका सरकारहरू र सार्वजनिक संस्थाहरूको क्षमता विकासको आवश्यकता अनुरूप गुणस्तरीय सिकाइका अवसरहरूको विस्तार गर्ने

**ENHANCE:** कर्मचारीहरूको व्यक्तिगत सक्षमता एवम् संस्थागत क्षमता अभिबृद्धि गरी प्रतिष्ठानलाई निरन्तर रूपमा सिकाइ संगठनको रूपमा विकास गर्ने

**ENGAGE:** सिकाइ र नवप्रवर्त्तनको लागि प्रशिक्षक, कर्मचारीहरू र बाह्य विज्ञ एवम् संस्थाहरूलाई प्रभावकारी ढंगले परिचालन गर्ने

## रणनीतिक रूपरेखा (Strategic Framework)

१३. उल्लिखित रणनीतिक लक्ष्यहरू हासिल गर्ने सन्दर्भमा प्रतिष्ठानको दूरदृष्टि, बृहत उद्देश्य, मूल्य मान्यताहरू, लक्ष्यहरू र रणनीतिक क्रियाकलापहरूलाई सुसंगत ढंगले प्रस्तुत गर्दै अपेक्षित उपलब्धी र स्रोतसाधनको उपयुक्त मिलान हुने गरी रणनीतिक योजना तर्जुमा गरिएको छ ।

**Vision (दूरदृष्टि) :**

*Center of Excellence in Learning and Development*

*'सिकाइ र विकासको उत्कृष्ट केन्द्र'*

**Mission (बृहत उद्देश्य) :**

*Develop leaders who will take initiatives and make a difference in public service*

*'सार्वजनिक सेवामा सकारात्मक परिवर्तन ल्याउने नेतृत्व विकास गर्ने'*

**Values (मूल्य मान्यताहरू) :**

प्रतिष्ठानका प्रत्येक कर्मचारीले आफ्ना निर्णय, कार्यसम्पादन, क्रियाकलापहरू एवम् व्यवहारमा निम्नानुसारका मूल्य मान्यताहरू आत्मसात् गर्नेछन् ।

| मूल्य मान्यताहरू | हाम्रो प्रतिवद्धता |
|---|---|
| **सत्यनिष्ठा (Integrity)** | इमान्दार, जवाफदेही, पारदर्शी र उत्तरदायी हुँदै सुसंगत ढंगले निर्णय लिने, कार्यसम्पादन गर्ने र व्यवहार प्रदर्शन गर्ने |
| **नवप्रवर्त्तन (Innovation)** | सिर्जनात्मक र प्रविधिमैत्री तवरले विशिष्ट सिकाइको अवसर सिर्जना गर्ने, नयाँ विचारको स्वागत गर्ने, व्यवहारमा लागू गर्ने र सफलता वा गल्तीबाट सिक्दै अघि बढ्ने |
| **समूहभाव (Team Spirit)** | आपसी सहयोग र समूहकार्यबाट मात्रै उत्कृष्टता हासिल गर्न सकिन्छ भन्ने दृढ विश्वासका साथ विविधताको सम्मान गर्दै सँगसँगै सिक्ने र उन्नति गर्ने |
| **जिम्मेवारी (Responsibility)** | एक सिकाइ संगठनको रूपमा ज्ञान आर्जन गर्ने, आदानप्रदान गर्ने र व्यवहारमा लागू गर्दै भावी पुस्ताकालागि समेत सुरक्षित राख्ने र सेवाग्राहीको हितका लागि सदैव सक्रिय रहने |
| **आदरभाव (Respect)** | आफ्नो कामप्रति गौरव गर्दै सदैव उत्कृष्ट कार्यसम्पादनमा दत्तचित्त रहने र सबै सेवाग्राही एवम् कर्मचारीहरूप्रति आदरभावसहित व्यावसायिक ढंगले सेवा प्रदान गर्ने |

## रणनीतिक कार्ययोजना एवम् कार्यान्वयन ढाँचा (Implementation Framework)

१४. प्रस्तुत रणनीतिक योजनाले परिलक्षित गरेका क्रियाकलापहरूलाई वार्षिक कार्ययोजनामा क्रमश: अनुवाद/समावेश गरी कार्यान्वयन गर्ने (Cascading) व्यवस्था गरिएको छ । प्रस्तुत योजनाले प्राथमिकताहरू, कार्यक्रमहरू र जिम्मेवारीलाई कार्यान्वयन ढाँचामा आबद्ध गरेको छ । कार्ययोजनाले रणनीतिक लक्ष्य/उद्देश्य, क्रियाकलापहरू, कार्यसम्पादन सूचक, जिम्मेवार एकाइ, समयसीमा, स्रोतसाधन र जोखिम तत्वहरूलाई स्पष्टताकासाथ प्रस्तुत गरेको छ । प्रतिष्ठानका सबै कर्मचारीहरूसँगको छलफल र परामर्शबाट तयार गरिएको यस रणनीतिक योजना स्वीकृत भएपश्चात् प्रतिष्ठानका सबै तहमा संचार गरी योजनाको सफल कार्यान्वयनको जिम्मेवारी र स्वामित्व सम्बन्धित कार्यगत एकाइ र कर्मचारीहरूमा रहने व्यवस्था गरिएको छ । साथै, स्रोत साधनको व्यवस्था लगायत

आवश्यक सहयोग र सहजीकरणका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् नेपाल सरकार र सम्बन्धित मन्त्रालय एवम् निकायहरूसँग नियमित संचार, समन्वय गरिनेछ ।

१५. प्रविधिको उच्चतम उपयोग प्रस्तुत योजनाको सफलताको अनिवार्य शर्तका रूपमा लिइएको छ । रणनीतिक योजनाको कार्यान्वयनका लागि आवश्यक संरचनात्मक परिवर्तन गरिनेछ र कर्मचारीहरूको आकार/दरवन्दी संख्यामा आवश्यकता अनुरूप हेरफेर गरिनेछ । साथै, प्रस्तुत रणनीतिक योजना कार्यान्वयनको आवधिक समीक्षा गर्ने, कार्यान्वयनमा देखिएका समस्याहरू समाधान गर्दै जाने र सिकाइको दस्तावेजीकरण गर्ने कार्यको जिम्मेवारी प्रशिक्षण परिषद्देखि लिएर हरेक कर्मचारीको तहसम्म वितरण गरिएको छ ।

## रणनीतिक लक्ष्य, उद्देश्य र मुख्य रणनीतिक क्रियाकलापहरू (Goals, Objectives and Strategies)

**EXPAND:** परिवर्तित सन्दर्भमा तीनवटै तहका सरकारहरू र सार्वजनिक संस्थाहरूको क्षमता विकासको आवश्यकता अनुरूप गुणस्तरीय सिकाइ अवसरहरूको विस्तार गर्ने *(६ रणनीतिक उद्देश्यहरू र ३१ क्रियाकलापहरू)*

| रणनीतिक उद्देश्य | रणनीतिक क्रियाकलापहरू |
|---|---|
| नेपाल सरकारको सबैका लागि तालिम नीतिमा सहयोग पुऱ्याउने | प्रशिक्षण अपेक्षी अधिकृतहरूको संख्या यकीन गर्न सर्वेक्षण गर्ने, प्रशिक्षक प्रशिक्षण मार्फत दक्ष प्रशिक्षकहरू विकास गर्ने, अनलाइन सिकाइको पूर्वाधार तथा कार्यक्रम विकास गर्ने र सबै अधिकृत तहमा अभिमुखीकरण कार्यक्रम विस्तार गर्ने । |
| संघीय शासन प्रणालीको सुदृढीकरणका लागि क्षमता विकास कार्यक्रमहरू संचालन गर्ने | प्रदेश र स्थानीयतहका जनप्रतिनिधि एवम् कर्मचारीको सिकाइ आवश्यकता पहिचान गर्ने, प्रदेशस्तरका तालिम प्रदायक संस्थासँग सहकार्य गर्ने र उनीहरूको तालिम क्षमता विकासमा सहयोग गर्ने, आवधिक रूपमा संघ, प्रदेश र स्थानीय तहमा जनप्रतिनिधिहरूको गोष्ठी (Parliamentarian Conclave) आयोजना गर्ने, नेतृत्व विकास कार्यक्रम संचालन गर्ने, प्रदेश र स्थानीय सरकारको योजना निर्माण र व्यवस्थापकीय पक्षहरूमा परामर्श प्रदान गर्ने, उनीहरूको असल एवम् सफल अभ्यास सम्बन्धी मामिलाहरू तयार गरी वितरण गर्ने र नीतिगत एवम् प्रशासनिक विषयहरूमा गोष्ठी, सेमिनार छलफल आयोजना गर्ने । |
| तालिम कार्यक्रमको गुणस्तर अभिबृद्धि गर्ने | प्रशिक्षण तथा व्यवस्थापन विकास कार्यक्रमहरूलाई मामिला अध्ययनमा आधारित बनाउने, सहभागीहरूकै अगुवाइमा हुने सिकाइ विधिहरू जस्तै व्यवस्थापन गेम्स, सिमुलेशन, समस्या समाधान आदिमा जोड दिने, अन्तर्राष्ट्रियस्तरबाट समेत प्रशिक्षार्थी सहभागी गराउने गरी प्रशिक्षण डिजाइन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूमा प्रशिक्षार्थी आदानप्रदान गर्ने र प्रशिक्षण कार्यक्रमलाई प्राज्ञिक स्तरीकरण (Accreditation) सँग आबद्ध गर्ने । |

| **EXPAND:** परिवर्तित सन्दर्भमा तीनवटै तहका सरकारहरू र सार्वजनिक संस्थाहरूको क्षमता विकासको आवश्यकता अनुरूप गुणस्तरीय सिकाइ अवसरहरूको विस्तार गर्ने *(६ रणनीतिक उद्देश्यहरू र ३१ क्रियाकलापहरू)* | |
|---|---|
| **रणनीतिक उद्देश्य** | **रणनीतिक क्रियाकलापहरू** |
| सार्वजनिक संस्थाहरूलाई तथ्यमा आधारित निर्णय प्रक्रियाका लागि सहजीकरण गर्ने | शासकीय व्यवस्थापन, सार्वजनिक सेवा आदि विषयमा आवधिक रूपमा सर्वेक्षणहरू गर्ने, अनुसन्धानको नतिजा सम्बन्धित सरकारी निकायहरूमा प्रस्तुत गर्ने, प्रशिक्षण तथा व्यवस्थापन विकास कार्यक्रमलाई नवप्रवर्त्तन प्रयोगशाला (Innovation Lab) को रूपमा विकास गर्ने, कार्यकारी विकास कार्यक्रमको सिकाइ नीति प्रस्तावहरूको संग्रह प्रकाशन गर्ने र संगठन विकास सम्बन्धी परामर्श कार्यहरूको विस्तार गर्ने । |
| सार्वजनिक संस्थानहरूको क्षमता अभिबृद्धिलाई सघन बनाउने | सार्वजनिक संस्थानहरूको संस्थागत सुशासन एवम् सेवाप्रवाह लगायतका विषयमा क्षमता विकासको आवश्यकता पहिचान गर्ने र सो अनुरूप प्रशिक्षण कार्यक्रम संचालन गर्ने, सार्वजनिक संस्थानका असल अभ्यास, चुनौति एवम् सम्भावनाका क्षेत्रमा मामिला तयार गर्ने र नियमित रूपमा विमर्श गर्ने फोरमहरू संचालन गर्ने । |
| सिकाइलाई कार्यस्थलसँग जोड्ने | लामो अवधिको प्रशिक्षण कार्यक्रमको आवधिक रूपमा प्रभावकारिता अध्ययन गर्ने, पुनर्ताजगी प्रशिक्षण संचालन गर्ने, प्रशिक्षार्थीहरूको Virtual Alumni बनाउने र असल अभ्यासका उदाहरण एवम् कथाहरू अनलाइन प्रकाशन गर्ने । |

| **ENHANCE:** कर्मचारीहरूको व्यक्तिगत सक्षमता एवम् प्रतिष्ठानको संस्थागत क्षमता अभिबृद्धि गरी प्रतिष्ठानलाई निरन्तर रूपमा सिकाइ संगठनको रूपमा विकास गर्ने *(१० रणनीतिक उद्देश्यहरू र ४९ क्रियाकलापहरू)* | |
|---|---|
| **रणनीतिक उद्देश्य** | **रणनीतिक क्रियाकलापहरू** |
| प्रतिष्ठानका कर्मचारीको निरन्तर क्षमता अभिबृद्धि गर्ने | निरन्तर कर्मचारीको व्यावसायिक विकास योजना तर्जुमा गर्ने, कर्मचारीहरूको लागि अनिवार्य सिकाइ समय निर्धारण गरी कार्यसम्पादन, पुरस्कार एवम् वृत्ति विकाससँग आबद्ध गर्ने, उच्च प्राज्ञिक कार्यक्रमहरूमा सहभागिता अभिबृद्धि गर्ने, प्रशिक्षक विकास कार्यक्रम संचालन गर्ने, प्रशिक्षक आदानप्रदान कार्यक्रम संचालन गर्ने, उच्च व्यवस्थापक/प्रशिक्षकहरूका लागि कार्यकारी विकास कार्यक्रम संचालन गर्ने, सरकारी निकायहरूको कार्यपद्धतिका बारेमा ज्ञान दिलाउन आवद्धता कार्यक्रमहरू गर्ने |

**ENHANCE:** कर्मचारीहरूको व्यक्तिगत सक्षमता एवम् प्रतिष्ठानको संस्थागत क्षमता अभिबृद्धि गरी प्रतिष्ठानलाई निरन्तर रूपमा सिकाइ संगठनको रूपमा विकास गर्ने *(१० रणनीतिक उद्देश्यहरू र ४९ क्रियाकलापहरू)*

| **रणनीतिक उद्देश्य** | **रणनीतिक क्रियाकलापहरू** |
|---|---|
| प्रशिक्षकहरूलाई प्रशिक्षण विधि र अनुसन्धानात्मक विशेषज्ञता विकास गर्ने | एक प्रशिक्षकले वर्षको न्यूनतम एउटा अनुसन्धान गर्ने नीति लिने, मामिला तयार गर्ने र मामिला शिक्षणका लागि मार्गदर्शन तर्जुमा गर्ने र मामिला तयारी सम्बन्धी सीप विकास तालिम संचालन गर्ने, उत्कृष्ट मामिलालाई पुरस्कृत गर्ने, सान्दर्भिक मामिलाहरू अन्तर्राष्ट्रिय स्रोतबाट Subscribe गर्ने, मामिला बैंक प्रकाशन गर्ने, अनुसन्धानात्मक डाटावेस एवम् प्रकाशनहरू Subscribe गर्ने, ख्यातिप्राप्त जर्नलहरूमा शोधपत्र प्रकाशन गर्नकालागि प्रोत्साहन दिने र परामर्शकार्यसम्बन्धी प्रशिक्षण कार्यशाला गोष्ठीहरू आयोजना गर्ने । |
| सिकाइ आदानप्रदान गर्ने र नवप्रवर्त्तन ल्याउने | छलफल श्रृङ्खलाहरू, प्रशिक्षक गोष्ठी, Read to Lead जस्ता कार्यक्रमहरूमा सुधार सहित विस्तार गर्ने, स्रोतकेन्द्र/पुस्तकालयको स्तरोन्नति गर्ने, प्रतिष्ठानको वेबसाइट र सामाजिक सञ्जाल (फेसबुक पेज/यूट्युब/ट्वीटर) को उपयोगमा अभिबृद्धि गर्ने, आवधिक रूपमा Knowledge Fair, Innovation Camps जस्ता कार्यक्रमको आयोजन गर्ने र विभिन्न विषयक्षेत्रमा छोटो भिडियो तयार गर्ने । |
| सुदृढ सिकाइ व्यवस्थापन प्रणाली विकास गर्ने | E-learning तथा Self-paced Learning लागि अनलाइन प्रशिक्षणको फोरम तयार गर्ने, सिकाइ व्यवस्थापन प्रणाली विकास गर्ने, प्रशिक्षकहरूलाई डिजिटल प्रशिक्षण डिजाइन तथा प्रशिक्षण सम्बन्धी तालिम प्रदान गर्ने, स्मार्ट प्रशिक्षण कक्षहरू विकास गर्ने र प्रतिष्ठानको प्रशिक्षण व्यवस्थापन प्रणालीलाई नेपाल सरकारको कर्मचारी सूचना प्रणालीसँग आबद्ध गर्ने । |
| प्रतिष्ठानको सेवा व्यवस्थापन एकीकृत र प्रभावकारी बनाउने | सूचना प्रविधिको अभ्यासका लागि डिजिटल प्रतिष्ठान नीति तर्जुमा गर्ने, मानव संसाधन सूचना प्रणाली लगायतका प्रणालीलाई ERP अनुरूप विकास गर्ने, डिजिटल कार्यस्थलको अवधारणा अनुरूप इमेल तथा इन्ट्रानेटको प्रयोग गर्ने, प्रतिष्ठानको वेबसाइट एवम् वेबपोर्टलहरू अद्यावधिक गर्ने, प्रतिष्ठानको संस्थागत डिजिटल डकुमेन्ट्री तयार गर्ने, प्रतिष्ठानको अभिलेख एवम् ज्ञान व्यवस्थापन प्रणालीको सुदृढीकरण गर्ने । |
| नतिजामुखी कार्यसंस्कृतिको विकास र कार्यविशिष्टिकरण | मुख्य नतिजाक्षेत्रको विशिष्टता अनुरूप सूचकमा आधारित कार्यसम्पादन प्रणालीको विकास गर्ने, प्रशिक्षण कार्यक्रमहरूको संख्या र प्रशिक्षकहरूको कार्यचापलाई दृष्टिगत गरी लजिस्टिक संयोजनका लागि अल्पकालिन/कार्यक्रम अवधिको सेवा करार वा इन्टर्नहरूलाई प्रशिक्षणमा उपयोग गर्ने, प्रशिक्षकहरूको |

| **ENHANCE:** कर्मचारीहरूको व्यक्तिगत सक्षमता एवम् प्रतिष्ठानको संस्थागत क्षमता अभिबृद्धि गरी प्रतिष्ठानलाई निरन्तर रूपमा सिकाइ संगठनको रूपमा विकास गर्ने *(१० रणनीतिक उद्देश्यहरू र ४९ क्रियाकलापहरू)* | |
|---|---|
| **रणनीतिक उद्देश्य** | **रणनीतिक क्रियाकलापहरू** |
| | वृत्तिपथलाई प्राध्यापक (Professorship) र प्रशासकीयतर्फ निर्देशक (Directorship) मा रूपान्तरण गर्ने । |
| रणनीतिक योजना अनुरूप संगठनात्मक संरचना सुधार गर्ने | योजना अनुरूप जनशक्तिको आवश्यकता प्रक्षेपण गरी उपयुक्त र पर्याप्त जनशक्तिको व्यवस्था गर्ने, कार्यकारी विकास कार्यक्रम (Executive Development Program) हरू तर्जुमा र संचालन गर्नका लागि प्रतिष्ठानमा एक विशिष्टिकृत विभागीय संरचना तयार गर्ने, कार्यबोझका आधारमा विषयगत केन्द्रहरूको पुनर्संरचना गर्ने, संघीयता अध्ययन केन्द्रको सबलीकरण गर्ने, प्रतिष्ठानको रणनीतिक कार्यदिशा र संस्थागत विकासको आवश्यकता निरूपण गर्नका लागि ख्यातिप्राप्त विज्ञ संगठनबाट आवधिक रूपमा अध्ययन गराउने । |
| भौतिक स्रोतसाधन तथा सुविधा व्यवस्थापनमा प्रभावकारिता अभिबृद्धि गर्ने | प्रतिष्ठानको भौतिक पूर्वाधारको व्यवस्थापन एकीकृत योजना तयार गर्ने, लजिस्टिक व्यवस्थापनमा 'hospitality management approach' अनुरूप विज्ञ संस्थाबाट सेवा लिने व्यवस्था गर्ने, प्रशिक्षार्थी आवास भवनको मर्मत सम्भार एवम् स्तरोन्नति, प्रतिष्ठानको प्रयोगमा नरहेका बखत भौतिक पूर्वाधारलाई अनलाइन प्रणालीमार्फत भाडा सेवामा लगाउने, प्रतिष्ठानमा विद्युतीय सवारीको प्रवर्द्धन गर्ने र चार्जिङ स्टेशन निर्माण गर्ने । |
| अत्याधुनिक सुविधा सहितको आवासीय प्रशिक्षण पूर्वाधार विकास गर्ने | नेपाल सरकारबाट जग्गा भोगाधिकार र निर्माण स्वीकृति प्राप्त गर्ने र सरकारी निकाय एवम् विकास साझेदार संस्थासँग सहकार्य गरी पूर्वाधार विकास गर्ने । |
| क्यान्टिनको सेवाको गुणस्तर सुनिश्चित गर्ने | सेवा प्रदायकलाई जवाफदेही बनाउन निरन्तर अनुगमन र सुपरिवेक्षण गर्ने । |

| **ENGAGE: सिकाइ र नवप्रवर्त्तनको लागि प्रशिक्षक, कर्मचारीहरू र बाह्य विज्ञ एवम् संस्थाहरूलाई प्रभावकारी ढंगले परिचालन गर्ने** *(४ रणनीतिक उद्देश्यहरू र २२ क्रियाकलापहरू)* | |
|---|---|
| **रणनीतिक उद्देश्य** | **रणनीतिक क्रियाकलापहरू** |
| प्रतिष्ठानमा कार्यजीवनको गुणस्तर अभिबृद्धि गर्ने | कर्मचारीहरूको वित्तीय, भौतिक तथा लजिष्टिक सुविधा सम्बन्धी मापदण्डको पुनरावलोकन गरी लागू गर्ने, कर्मचारीको स्वास्थ्य बीमा गर्ने, उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई विधागत रूपमा पुरस्कार दिने व्यवस्था गर्ने, बालबालिका हेरचाह सुविधाको पूर्वाधार तयार गरी संचालन गर्ने, लैंगिकमैत्री शौचालय लगायतका सुविधा व्यवस्था गर्ने, योग ध्यानसहित आध्यात्मिकता प्रवर्द्धन गर्ने तालिम कार्यक्रमहरू संचालन गर्ने, वार्षिक रूपमा उपलब्धी उत्सव एवम् साँस्कृतिक कार्यक्रम आयोजना गर्ने । |
| क्षमता विकासका लागि संस्थागत सहकार्य अभिबृद्धि गर्ने | विकास साझेदार संस्थासँगको सहकार्य विस्तार गर्ने, संस्थागत समझदारी अनुरूप योजनाबद्ध ढंगले कार्यक्रमहरू संचालन गर्ने, संयुक्त अनुसन्धानात्मक कार्यहरू र क्षमता विकास कार्यक्रम संचालन गर्न अन्तराष्ट्रिय तालिम प्रदायक संस्था एवम् विश्वविद्यालयसँग सहकार्य गर्ने, AMDISA, EROPA जस्ता क्षेत्रीय फोरमहरूमा प्रतिष्ठानको प्राज्ञिक उपस्थितिलाई सघन बनाउने, संघीयता अवलम्बन गरेका मुलुकहरूको अन्तराष्ट्रिय फोरमसँग रणनीतिक साझेदारी गर्ने, संघ र प्रदेशस्तरमा क्रियाशील तालिम प्रदायक संस्थाहरूसँग सिकाइ सञ्जाल निर्माण गर्ने । |
| क्षमता विकासमा बढोत्तरीका लागि बजारको उपयोग गर्ने | सूचना प्रविधिको प्रयोग गरी क्षेत्रगत स्रोतव्यक्ति एवम् विषयविज्ञहरूको विस्तृत सूची/प्रोफाइल तयार गर्ने, मुलुकभित्र वा बाहिरका विषयविज्ञलाई प्रशिक्षण कार्यक्रममा भर्चुअल फोरमको माध्यमबाट जोड्ने, जनप्रतिनिधिहरूलाई क्षमता विकासका कार्यक्रमहरूमा स्रोत व्यक्तिका रूपमा सघन ढंगले संलग्न गराउने, प्रशिक्षार्थीका परियोजनाकार्यमा (जस्तै, SEDP मा नीति निर्माण प्रक्रिया सम्बन्धी अभ्यास) सम्बन्धित क्षेत्रका विज्ञ, अभ्यासकर्तालाई शुरुदेखि नै संलग्न गराउने, अनुसन्धानकार्य वा परामर्शकार्यमा क्षेत्रगत विशेषज्ञलाई संलग्न गराई सिक्ने र समयमै कार्यसम्पादन गर्ने वातावरण तयार गर्ने । |
| प्रतिष्ठानको ब्रान्ड इमेज प्रवर्द्धन गर्ने | आन्तरिक तथा बाह्य संचारका लागि संचार नीति तर्जुमा गर्ने, संस्थागत संचार एवम् मेडिया सम्बन्ध र जनसम्पर्कका लागि प्रमुख संचार अधिकृतको व्यवस्था गर्ने, प्रतिष्ठानका गतिविधिहरूका बारेमा आवधिक रूपमा Media Meet को आयोजना गर्ने, प्रतिष्ठानका क्षमता विकास कार्यक्रमहरूलाई अन्तर्राष्ट्रियस्तरको गुण व्यवस्थापन प्रमाणिकरण प्राप्त गर्ने । |